# "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम सञ्चालन निर्देशिका, २०७६

प्रस्तावनाः- प्रदेश सरकार स्थापना भएसँगै बजेट व्यक्तव्य मार्फत घोषणा भएको मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियानलाई सार्थकता प्रदान गर्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस निर्देशिकाको नाम "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियान कार्यक्रम सञ्चालन निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश भर तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा १४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(ग) "कार्यान्वयन समिति" भन्नाले दफा १८ बमोजिमको "कार्यक्रम कार्यान्वयन समिति" सम्झनु पर्छ ।

(घ) "संस्था" भन्नाले जिल्ला समन्वय समिति, स्थानीय तह एवं सरकारी निकायमा प्रचलित कानून बमोजिम दर्ता भएका संघ/संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम सम्बन्धी व्यवस्था

३. कार्यक्रम सञ्चालनः (१) "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम देहाय बमोजिम सञ्चालन हुनेछः

(क) **शिक्षा विमा/मुद्दति बचत कार्यक्रमः-** प्रदेशभित्र स्थायी बसोबास भएका दम्पतिबाट जन्मिने नवजात छोरीहरुको लागि प्रदेश सरकारले वीमा कम्पनी, वैंक वा वित्तीय संस्थाहरुसंग समन्वय र साझेदारी गरी शिक्षा विमा/मुद्दति बचत कार्यक्रम लागु गर्नेछ ।

(ख) **लैंगिक हिंसा विरुद्ध कार्यक्रमः-** लिङ्गको आधारमा गरिने भेदभावलाई निरुत्साही गर्न सघन रुपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गरिने भ्रुण हत्या प्रचलित कानून बमोजिमको विपरित कार्य भएको हुदाँ त्यस्तो कार्य हुन नदिन आवश्यक कार्य गरिनेछ । प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन गराउने कार्यमा अग्रसर स्थानीय तह र अन्य

संस्थाहरुसँगको सहकार्यमा गर्भमा रहेको शिशुको जन्मन पाउने नैसर्गिक हकलाई कुण्ठीत हुन नदिन आवश्यक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) **साइकल वितरण कार्यक्रमः**– गरिबी, अशिक्षा तथा विद्यालय टाढा परेको कारणले छोरीहरुले माध्यमिक तहको पढाई पूरा नगरी पढाई छोड्ने प्रवृति रहेको हुदाँ सो अवस्थालाई न्यून गरी विद्यालयमा जान प्रोत्साहित गर्न प्रदेशभित्रका आठ वटै जिल्लाका माध्यमिक तह (विशेष गरी कक्षा ८-१० सम्म) मा अध्ययन गर्ने छात्राहरुलाई क्रमशः साइकल वितरण गरिनेछ ।

(घ) **जनचेतना मूलक अभियान कार्यक्रमः**– छोरी शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने धारणालाई आत्मसात् गरी विद्यालय भर्नामा **"कुनै छोरी नछुट्न"** भन्ने नाराकासाथ आमाहरुलाई अभिमुखिकरण प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । सो कार्यका लागि देहायका कार्यक्रम सञ्चालन गर्न सकिनेछ:

(१) **होर्डिङ वोर्डः**–आवश्यकतानुसार "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियानसँग सम्वन्धित विभिन्न नारा र सूचना चित्र सहितको होडीङ्ग वोर्ड/सूचना वोर्ड विभिन्न सार्वजनिक स्थलहरुमा राख्न सकिनेछ ।

(२) **सञ्चार माध्यमको उपयोगः**- विभिन्न सञ्चार माध्यमहरु टेलिभिजन, रेडियो/एफएम, अनलाईन पत्रिका तथा छापा पत्रपत्रिकाको माध्यमबाट जनचेतनामूलक एवं प्रेरणामूलक सन्देशहरुको प्रसारण, प्रचार प्रसार गर्न सकिनेछ ।

(३) **सन्देश सम्प्रेषण गर्न सकिनेः**- जनचेतनामुलक डकुमेन्ट्री, सडक नाटक, गीत संगीतका माध्यमबाट सन्देश सम्प्रेषण गर्न सकिनेछ ।

(४) **सामुहिक प्रशिक्षण/सचेतना कार्यक्रमः**- अभिभावकहरुलाई समूहमा राखी सामूहिक प्रशिक्षण/सचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

४. <u>अभिभावकत्व ग्रहण कार्यक्रमः</u>– प्रदेशभित्रका आर्थिक, सामाजिक एवं शैक्षिक रुपमा विपन्न, गरिब, दलित, अल्पसंख्यक परिवारको छोरीको अभिभावकत्व ग्रहण गर्न चाहने शिक्षाप्रेमी, बुद्धिजिवी, व्यापारी एवं राजनीतिज्ञहरुलाई प्रोत्साहन र सम्मान गरिनेछ ।

५. <u>सर्शत अनुदान कार्यक्रमः</u>– कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह वा स्थानीय तहले सिफारिस गरेका लक्षित संस्थाहरुलाई तोकिएका कार्यक्रमहरु सञ्चालन गर्न मन्त्रालयबाट सम्वन्धित संस्थाहरुसँग सम्झौता गरी सशर्त अनुदान समेत उपलब्ध गराउन सकिनेछ।

६. दिवा खाजा कार्यक्रमः– आर्थिक तथा सामाजिक रुपले विपन्न /दलित/गरिब र अल्पसंख्यक परिवारका विद्यालयमा अध्ययनरत बालबालिकाहरुले बिचमै अध्ययन छोड्ने प्रवृति न्यूनिकरण गरी विद्यालय जान प्रोत्साहन गर्नको लागि सम्वन्धित विद्यालयमार्फत दिवा खाजा उपलब्ध गराउन सकिनेछ ।

७. सचेतना कार्यक्रमः– अभिभावकहरुलाई आफ्ना छोरीहरु विद्यालय पढाउन प्रोत्साहित गर्न उनीहरु संलग्न महिला समूह, समिति र मन्त्रालयबाट तोकिएका सहजकर्ताहरुमार्फत जनचेतना मूलक प्रशिक्षण र अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यस्तो कार्यक्रम सञ्चालन गर्दा लाग्ने भैपरी खर्च मन्त्रालयले आवश्यकता र औचित्य हेरी उपलब्ध गराउन सक्नेछ ।

८. क्षमता विकास कार्यक्रमः- लोक सेवा आयोग तयारी गर्न चाहने योग्यता पुगेका महिलाहरुलाई लोक सेवा तयारी कक्षा सञ्चालन गर्न सहयोग उपलब्ध गराउन सकिनेछ ।

९. आयोजनाको रुपमा सञ्चालन हुने:- (१) "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियानलाई प्रदेश सरकारले आयोजनाको रुपमा सञ्चालन गर्न सकिनेछ ।

(२) आयोजना र आयोजना सञ्चालनको लागि आवश्यक पर्ने अस्थायी दरबन्दी प्रदेश सरकारबाट स्वीकृत हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरु व्यवस्था गरिनेछ ।

(४) उपदफा (३) बमोजिम व्यवस्था गरिने कर्मचारीहरुको पारिश्रमिक तथा दैनिक भ्रमण भत्ता लगायत अन्य खर्च "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम बजेटबाट व्यहोरिनेछ ।

(५) उपदफा (३) बमोजिम व्यवस्थापन गरिने कर्मचारी एक वर्ष भन्दा बढी अवधिको लागि राखिने छैन ।

(६) भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त गरी फर्केको १५ (पन्ध्र) दिनभित्र अनिवार्य रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१०. अन्य कार्यक्रमः- कार्यान्वयन समितिले आवश्यक ठानेका "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" सँग सम्बन्धित अन्य कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद – ३

## कार्यक्रम सञ्चालनसँग सम्वन्धित व्यवस्था

११. लाभग्राही पहिचान र छनौटः– कार्यक्रम सञ्चालन गरिने क्षेत्र तथा लाभग्राही बालिकाको पहिचान र छनौट गर्दा जिल्ला समन्वय समिति वा स्थानीय तहको सिफारिसका साथै समिति समेतको निर्णयको आधारमा मन्त्रालयले तोक्न सक्नेछ ।

१२. <u>सशर्त अनुदान प्राप्त गर्ने संस्थाको दायित्वः</u>- अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व वहन गर्नु पर्नेछः

(क) प्राप्त अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(ख) प्रत्येक चार महिनाको खर्च, भौतिक प्रगति विवरण सात दिनभित्र अनुदान दिने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ग) एक पटक अनुदान प्राप्त गरी सो को उपयोग गर्न नसकेका संस्थालाई पुनः अनुदान प्रदान गरिने छैन ।

(घ) आर्थिक वर्ष समाप्त भएको मितिले ४ (चार) महिनाभित्र लेखा परीक्षण गरी सो को प्रतिकृया सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(ङ) प्राप्त अनुदानको रकम खर्च गर्दा कामको प्रकृति अनुसार निर्माण कार्यको लागि नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम बाहेक प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

(च) संस्थाले कानून बमोजिमको कर कट्टी गरेको हुनु पर्नेछ ।

(छ) प्राप्त अनुदानको प्रचलित कानून बमोजिम खर्च गर्ने, हिसाव राख्ने, लेखापरीक्षण गराउनका साथै प्रचलित कानून अनुरुप कार्यक्रम सञ्चालन गरी सम्बन्धित विषयगत कार्यालय, मन्त्रालय, सचिवालयमा आर्थिक विवरण बुझाउने जिम्मेवारी र दायित्व अनुदान प्राप्त गर्ने संस्थाको लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(ज) अनुदानको रुपमा कुनै सामाग्री समेत वितरण गर्न सकिनेछ ।

१३. <u>सम्झौता गर्नुपर्नेः</u>– कार्यक्रम सञ्चालन गर्दा लाभग्राही संस्था/व्यक्तिसँग अनिवार्य रुपमा सम्झौता गर्नु पर्नेछ । स्थानीय तहबाट सिफारिस भएको प्रदेशभित्रको क्षेत्र, स्थान र व्यक्तिलाई मन्त्रालयले प्राथामिकता दिई सम्झौता गर्न सकिनेछ ।

१४. <u>निर्देशक समितिः</u>- (१) "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रमको सम्पूर्ण काम कारबाहीको सञ्चालन रेखदेख, नियन्त्रण तथा निर्देशन दिन एक निर्देशक समिति रहनेछ ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -संयोजक |
| (ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सह-संयोजक |
| (ग) सचिव (प्रशासन सेवा), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| (घ) मुख्यमन्त्रीबाट मनोनित आठ जना महिलाहरु | -सदस्य |
| (ङ) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य-सचिव |

(३) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ । बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषयव विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिका सदस्यहरुलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(५) उपदफा (२) को खण्ड (घ) बमोजिम मुख्यमन्त्रीबाट मनोनित सदस्यहरुले बैठकमा भाग लिन आउँद जाँदाको तोकिएको दैनिक भ्रमणभत्ता उपलब्ध गराइनेछ । साथै निजहरुलाई आफ्नो जिल्लाम मन्त्रालयबाट तोकिएका कार्यक्रमहरु सञ्चालन गर्दा लाग्ने विविध खर्च उपलब्ध गराउँन सकिनेछ ।

१५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>:– समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) **"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ"** अभियान अन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रम सम्बन्ध नीति निर्धारण गर्ने,

(ख) **"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ"** अभियान अन्तर्गत योजना/कार्यक्रम सञ्चालनका लागि प्राप्त भएक प्रस्तावहरु आवश्यकतानुसार स्वीकृत गर्ने /कार्यादेश दिने,

(ग) **"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ"** अभियान अन्तर्गत सञ्चालित योजना कार्यक्रमहरुको अनुगम मूल्यांकन गर्ने/गराउने ।

(घ) **"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ"** अभियान कार्यक्रमको उद्धेश्य प्राप्तिका लागि तोकिए वमोजिमक अन्य काम गर्ने, गराउने ।

१६. <u>मनोनित सदस्यले गर्ने कार्य</u>:- दफा १३ को उपदफा २ को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरुको काम देहा बमोजिम हुनेछ:

(क) "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रमको उद्धेश्य प्राप्तिका लागि जिल्लाहरुम कार्यक्रमको प्रचार प्रसार गर्ने ।

(ख) समिति र कार्यान्वयन समितिको निर्णय अनुसारका कामहरु गर्ने, गराउने ।

१७. <u>मनोनित सदस्यले पाउने सुविधा:</u>- (१) दफा १३ को उपदफा २ को खण्ड (घ) बमोजिमका मनोनित सदस्यहरु देहाय बमोजिमको सुविधा पाउनेछन्:-

(क) पारिश्रमिक वापत मासिक दश हजार रुपैयाँ,

(ख) मासिक पारिश्रमिक बराबरको वर्षमा एक पटक चाडपर्व खर्च,

(ग) समितिको बैठकमा सहभागी हुन आउदा र फर्कदा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता रकम,

(घ) खण्ड (क), (ख) र (ग) बाहेक आ-आफ्नो जिल्लामा मन्त्रालयबाट तोकिएका कार्यक्रमहरु सञ्चालन गर्दा लाग्ने विविध खर्च उपलब्ध गराउन सकिनेछ ।

(२) मनोनित सदस्यहरुले सरोकारवालाहरुसँग मासिक रुपमा एउटा बैठक गर्न सक्नेछन् । सो बैठक सञ्चालनको लागि प्रति बैठक तीन हजार रुपैयाँसम्म मन्त्रालयले विविध खर्च वापत रकम उपलब्ध गराउनेछ ।

१८. <u>कार्यक्रम कार्यान्वयन समितिः</u>– (१) समितिको निर्देशन बमोजिम यस अभियान सञ्चालनका लागि एक कार्यान्वयन समिति रहनेछ ।

(२) कार्यान्वयन समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| (ख) सचिव (प्रशासन) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) उप-सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) उप-सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) उप-सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (च) उप-सचिव, योजना शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (छ) लेखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ज) शाखा अधिकृत, योजना अनुगमन तथा नतिजा व्यवस्था शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

(३) कार्यान्वयन समितिको बैठक आवश्यकतानुसार बस्नेछ । सो बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ । समितिका सदस्यहरुलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराइनेछ ।

१९. <u>कार्यान्वयन समितिका काम, कर्तव्य र अधिकारः</u>– कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) प्राप्त भएका कार्यक्रमहरु सञ्चालनका लागि छनौट गरि समिति समक्ष पेश गर्ने ।

२०. <u>कार्यक्रम खर्च व्यवस्थापनः</u>– कार्यान्वयन समितिले सिफारिस गरेको कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयले प्रचलित आर्थिक कार्यविधि ऐन वमोजिम खर्च गरी सोको स्रेस्ता राख्नु पर्नेछ ।

स्पस्टीकरण: "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च सम्झनु पर्छ ।

२१. प्रशासन खर्च/विविध खर्चः– कार्यक्रम सञ्चालनमा संलग्न पदाधिकारी, कर्मचारी र अन्य सम्वन्धित व्यक्तिहरुलाई तोकिएको पारिश्रमिक भत्ता, इन्धन खर्च, ढुवानी खर्च लगायतका खर्च मन्त्रालयबाट उपलब्ध गराइनेछ । तोकिएको सामाग्री वितरण गर्दा लाभग्राही व्यक्तिसँग सम्झौता/भर्पाई गरी (स्थानीय तहबाट प्रमाणित समेत गराई) वितरण गर्नु पर्नेछ ।

२२. जनशक्ति परिचालन तथा स्रोत व्यवस्थपनः– (१) मन्त्रालयले "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान अन्तर्गतका कार्यक्रमहरुको सञ्चालन, अनुगमन र निरीक्षण कार्यका लागि एक जना समन्वयकर्ता/सहजकर्ता र एक जना सहायक समन्वयकर्ता/सहजकर्तालाई मात्र खटाउन सकिनेछ । त्यसमा खटिने जनशक्तिहरु मुख्यमन्त्रीबाट मनोनयन हुनेछ ।

२३. समन्वयकर्ता/सहजकर्ता र सहायक समन्वयकर्ता/सहजकर्ता तथा कम्प्यूटर अपरेटरको पारिश्रमिक तथा भत्ताः-

(१) दफा २२ बमोजिम मनोनित समन्वयकर्ता/सहजकर्ता निजामती सेवाको शाखा अधिकृत वा सो सरह र सहायक समन्वयकर्ता/सहजकर्ता तथा कम्प्यूटर अपरेटरलाई नायव सुब्बा वा सो सरहको मासिक पारिश्रमिक दिइनेछ । निजहरुलाई आयश्यकता अनुसार आठ जिल्लाको कार्यक्षेत्रमा खटाइने छ । कार्य क्षेत्रमा खटाउँदा निजलाई दैनिक भत्ता तथा भ्रमण खर्च वापत भ्रमण खर्च नियमावली २०६४ बमोजिम नियमानुसार कर कट्टी भुक्तानी दिइनेछ ।

(२) भ्रमणमा खटिने व्यक्तिले भ्रमण प्रतिवेदन अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नु पर्छ ।

(३) दफा २२ बमोजिम मनोनित समन्वयकर्ता/सहजकर्ता, सहायक समन्वयकर्ता/सहजकर्ता र कम्प्यूटर अपरेटरलाई उपलब्ध गराइने पारिश्रमिक तथा दैनिक भ्रमण भत्ता लगायतका खर्च "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" कार्यक्रम बजेटबाट व्यहोरिनेछ ।

२४. अनुगमन मूल्यांकनः– "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" कार्यक्रम सफल पार्न प्रदेश सरकारले घोषणा गरेका नीति तथा कार्यक्रमहरु प्रदेश सरकारले अपेक्षा गरे बमोजिम सञ्चालन भए नभएको र तोकिएको सेवा प्रदायकले लक्ष्य वमोजिमको कार्य गरे नगरेको सन्दर्भमा समय समयमा मन्त्रालबाट अनुगमन तथा मूल्यांकन गरिने छ ।

२५. कार्यविधि/निर्देशिका बनाउन सक्नेः– मन्त्रालयले "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न आवश्यकताअनुसार कार्यविधि/निर्देशिका बनाउन सक्नेछ ।

२६. संशोधन गर्न सक्नेः– मन्त्रालयले आवश्यकताअनुसार यस निर्देशिकामा थप घट गरी संसोधन गर्न सक्नेछ ।

२७. <u>खारेजी र बचाउ:</u>- (१) "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम सञ्चालन निर्देशिका (पहिलो संशोधन), २०७८ खारेज गरिएको छ ।

(२) "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम सञ्चालन निर्देशिका (पहिलो संशोधन), २०७८ बमोजिम भए गरेका कार्यक्रमहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा